बैठक संख्याः ०८

मितिः २०८२/०६/०५

समयः दिनको ११:०० बजे

स्थानः सिंजा गाउँपालिका नराकोट जुम्ला ।

उपरोक्त मिति समय र स्थानमा सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं. | दर्जा | नाम थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २. | उपाध्यक्ष | सितली रोकाया | | |
| ३. | वडा नं. १ वडा अध्यक्ष | हरिन्द्र आचार्य | | |
| ४. | वडा नं. २ वडा अध्यक्ष | तिर्थ वड | | |
| ५. | वडा नं. ३ वडा अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६. | वडा नं. ४ वडा अध्यक्ष | रन्जित बुढा | | |
| ७. | वडा नं. ५ वडा अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८. | वडा नं. ६ वडा अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९. | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १०. | " " | रुपकेउडा बिष्ट | | |
| ११. | " " | दन्ता कामी | | |
| १२. | " " | मागी वड | | |
| १३. | " " | हरिचन्द्र सार्की | | |
| १४. | " " | मोती दमाई | | |
| १५. | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

निर्णय नं. १. सिंजा गाउँपालिकाको वडा नं. २ स्थित रनुखाना र वडा नं. ३ को कोटेसागु मोटरवयल वेली व्रिज पुल निर्माणकालागी संघीय सरकारबाट प्राप्त रु. १ करोड ३९ लाख र गाउँपालिकाले विनियोजन गरेको रु २ करोड गरि जम्मा रु. ३ करोड ३९ लाख मात्र भएकोमा र उक्त पुलहरुको DPR लागत रकम रु. ७ करोड भएकाले चालु आ.व. मा पुल निर्माणको काम सम्पन्न नहुनेहुँदा बहुबर्षिय ठेक्का आव्हानको प्रक्रिया अगाडिबढाउने निर्णय गरियो ।

निर्णय नं. २. सिंजा गाउँपालिकाको नराकोटमा मिति २०८१ साल चैत्र २२ गते स्थापना भएको मालपोत कार्यालय र नापी कार्यालयको व्यवस्थापनका सम्बन्धमा विगत आ.व. को अन्त्यमा कार्यालयको स्थापना हुँदा सम्बन्धित विभाग र मन्त्रालयबाट कुनै पनि बजेट प्राप्त नभएकाले कार्यालय संचालनमा आवश्यक सम्पूर्ण सामानहरुको व्यवस्थापन गाउँपालिकाले गरिसकेकाले जस्तै मेशिनरी औजार उपकरण, सोलार सिस्टमका सम्पूर्ण सामान. फर्निचर फिक्चर र कार्यालय सामानहरु सम्बन्धीत फर्म र कम्पनीहरुबाट खरीद गरी हस्तान्तरण समेत भइसकेकाले गाउँपालिकाले विनियोजन गरेको जम्मा रकम रु ३५ लाख सम्बन्धीत फर्म र कम्पनीहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. सिंजा गाउँपालिकाले विगतका आ.व. मा शिक्षक अनुदान बापत दिईरहेको वित्तिय समानिकरण अनुदानबाट दिने रकम चालु आ.व. भन्दा अगाडीनै सार्वजनिक सूचना मार्फत अनुदान उपलब्ध गराउन नसकिने जानकारी गरीएकोले सम्बन्धीत विधालय र स्वास्थय संस्थाको सर्वेक्षण प्रतिवेदन बमोजिम हाल निम्नादि तहका ७ जना शिक्षक र ५ जना स्वास्थ्यकर्मी अतिआवश्यक रहेको भन्ने मिति २०८२/०४/०५ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिकाको आन्तरिक स्रोतबाट सेवा सुविधा वा पारिश्रमिक व्यहोर्ने गरी चालु आ.व. मा पनि करार सेवा सम्झौता गर्ने व्यवस्था अनुसार ७ जना शिक्षकको २०८२ साल चैत्र मशान्त सम्मको लागि मात्र शिक्षक अनुदान उपलब्ध गराउने व्यवस्था र ३ जना अनमि १ जना ल्याप १ जना आँखा अल्थामिक र २ जना अहेवको करार सेवा निरन्तरताका लागि सम्बन्धित शाखाले सर्वेक्षण प्रतिवेदन कार्यपालिकामा पेस गरी स्वकृत कार्यविध बमोजिम करार सेवा सम्झौताको प्रक्रिया अगाडि बढाईने निर्णय गरियो ।

निर्णय नं. ४. सिंजा गाउँपालिकामा समाजसेवी तथा बालमनो विज्ञको आवश्यकता सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ सिंजा गाउँपालिकाको अपाङ्ग परिचय पत्र वितरण समितिमा अपाङ्गको प्रतिनिधित्व हुने गरी श्री विमल आचार्यलाई सदस्यमा छनौट गर्ने निर्णय गरियो ।

निर्णिय नं. ६ सिंजा गाउँपालिकामा अपाङ्ग परिचय पत्र प्राप्तिका लागि पेश हुन आयका निवेदनहरुको सम्बन्धमा ३/३ महिनामा एक पटक बैठक बस्ने र सम्बन्धित विषय विज्ञको आवश्यकता पर्ने भएकाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाबाट चिकित्सकको माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ सिंजा गाउँपालिकाको वडा न. २ को चुलेलगाउँ. वडा नं. ४ को बारे र वडा नं. ६ को रुगा र काडागाउँको विचमा गाउँघर किल्निकको स्वास्थ्य सेवा लिन सर्वसाधारणलाई असुविधा भएकाले स्थानीय समुदायले जग्गा उपलब्ध गराएमा प्राविधिक लागत बमोजिमको बजेटको व्यवस्थापन गरी गाउँघर किल्नीकका टहराहरु निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ सिंजा गाउँपालिकामा विपद् पुर्व सूचना प्रणाली स्थापनाका लागि सिंजा गाउँपालिका र पेस नेपाल जुम्लाको साझेदारीमा विपद् बहु सूचना प्रणाली स्थापना गर्ने निर्णय गरियो ।